# छत्रकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## चोयगा, गुल्मी

अपांगता परिचयपत्र वितरण तथा नविकरण, ज्येष्ठ नागरिक परिचय-पत्र वितरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नविकरण र टोल विकास संस्था दर्ता सम्बन्धी एकीकृत घुम्ती शिविर कार्यक्रमको प्रतिवेदन, २०८०

<u>प्रतिवेदक</u>

सीता कुमारी थापा बुढाथोकी

# अपाङ्गता परिचय-पत्र वितरण तथा नविकरण, ज्येष्ठ नागरिक परिचयप-पत्र वितरण, योजना सम्झौता, व्यबसाय दर्ता तथा नविकरण र टोल विकास संस्था दर्ता सम्बन्धी (घुम्ती शिविर) कार्यक्रमको प्रतिवेदन, २०८०

**भूमिकाः**

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार ऐन, २०७४ र अपांग परिचय-पत्र वितरण कार्यविधि, २०७५ तथा ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न र राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गर्न बनेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ बमोजिम छत्रकोट गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुमा रहनुभएका नयाँ अपांगता भएका व्यक्तिहरुलाई अपांगता परिचयपत्र वितरण तथा गत वर्ष प्राप्त गरिसक्नुभएका व्यक्तिहरुलाई अपांगता परिचयपत्र नविकरण, ६० वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण साथै यस छत्रकोट गाउँपालिका अन्तर्गतका वडाहरुमा गठित टोल विकास संस्था दर्ता, योजनाहरु सम्झौता तथा व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्य स्थानीय अपांगता समन्य समिति लगायत सरोकारवालाहरुको उपस्थितिमा विभिन्न मितिमा घुम्ती शिविर संचालन गरी जनतको सहजताका लागि सम्बन्धित वडाहरुमा गई (घुम्ती शिविर) कार्यक्रम संचालन पश्चात यो प्रतिवेदन तयार गरिएको हो।

**उद्देश्यः**

- विभिन्न प्रकारका अपांगता भएका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न ।
- अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने।
- राज्यबाट प्राप्त हुने सेवसुविधा बाट बञ्चित हुन नदिनको लागि ।
- समाजमा उच्च सम्मानका साथ बाँचनका लागि ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

- ६० वर्ष उमेर पूरा हुनुभएका ज्येष्ठ नागरिकहरुलाई राज्यबाट हुने सेवा सुविधाबाट बञ्चित हुन नदिनको लागि ।
- विभिन्न योजना सम्झौताको लागि जनतालाई सहज तुल्याउन ।
- विभिन्न व्यापार व्यवसायमा आवद्ध व्यक्तिहरुलाई सहज रुपमा सेवा उपलब्ध गराउन, आदि ।

<u>कार्यक्रममा सहभागिताः</u>

- छत्रकोट गाउँपालिका स्थानीय समन्वय समितिको संयोजक लगायत अन्य सदस्यहरु तथा कर्मचारीहरु,
- छत्रकोट गाउँपालिका अन्तर्गतका ६ वटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, सदस्यहरु लगायत राजनैतिक दलका व्यक्तित्वहरु,
- छत्रकोट गाउँपालिका अन्तर्गतका वडा कार्यलयहरुका कर्मचारीहरु,
- छत्रकोट गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा भएका अपांग व्यक्ति, ज्येष्ठ नागरिक, सुरक्षाकर्मी, उपभोक्ता समितिका पदाधिकारीहरु, टोल विकास संस्था दर्तासँग सम्बन्धित पदाधिकारीहरु, व्यवसाय दर्ता तथा नविकरण सँग सम्बन्धित व्यक्तित्वहरु लगायत अनन्य स्थानीयहरु ।

<u>कार्यक्रम संचालन भएको स्थानः</u>

छत्रकोट गाउँपालिका अन्तर्गतका वडाहरु (हुँगा, पल्लिकोट, हर्दिनेटा, दिगाम, खर्ज्याङ्ग र दौंघा)

<u>कार्यक्रम संचालन भएको मिति, र स्थान</u>

उल्लेखित घुम्ती शिविर कार्यक्रमलाई तपशिलको स्थान, मिति र समयमा संचालन गरिएको थियो ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं | शीर्षक | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | अपांगता परिचय वितरण तथा नविकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नविकरण र टोल विकास संस्था दर्ता सम्बन्धी (घुम्ती शिविर) कार्यक्रम, २०८० | २०८०।०८।१५ गते | विहान १० बजे | छत्रकोट-४,दिगाम |
| २ | | २०८०।०८।१७ गते | विहान १० बजे | छत्रकोट-५,खज्र्याङ्ग |
| ३ | | २०८०।०८।१८ गते | विहान १० बजे | छत्रकोट-३,हर्दिनेटा |
| ४ | | २०८०।०८।१९ गते | दिउँसो १० बजे | छत्रकोट-६,दौंघा |
| ५ | | २०८०।०८।२० गते | दिउँसो १० बजे | छत्रकोट-२,पल्लिकोट |
| ६ | | २०८०।०८।२१ गते | विहान १० बजे | छत्रकोट-१,हुँगा |

कार्यक्रमका विषयवस्तु:

छत्रकोट गाउँपालिका अन्तर्गतका वडाहरुमा छुट भएका अपांगता भएका व्यक्तिहरुलाई अपांगता परिचय-पत्र वितरण तथा नविकरण, ६० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचय-पत्र वितरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नविकरण, टोल विकास संस्था दर्ता गर्ने ।

निष्कर्ष:

समग्रमा हेर्दा घुम्ती शिविर मार्फत सेवा प्रदान गर्दा ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, होटल व्यवसायी तथा योजना सँग सम्बन्धित व्यक्तिहरुलाई धेरै सहज भएको र समग्रमा कार्यक्रम प्रभावकारी रहेको पाइयो ।

बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत